# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७७

## चुरे गाउँपालिका
## कैलाली




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**

**प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय**

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या:२०७६/७७
च.नं. ४८७

मितिः २०७७/३/३०

श्री अध्यक्षज्यू,

चुरे गाउँपालिका, कैलाली ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**


नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)

नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ। साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु। स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु। आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण
महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या:२०७६/७७
च.नं. ४८८

मिति: २०७७/३/३०

श्री अध्यक्षज्यू,
चुरे गाउँ कार्यपालिकाको
कार्यालय, कैलाली ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले चुरे गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य बिवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु. २ करोड ५४ लाख ६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.९ लाख ३० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.७७ लाख ५० हजार नियमित गर्नुपर्ने रु.९२ लाख ९ हजार र पेश्की बाँकी रु.७५ लाख १७ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६/११/२१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेस हुन नआएकोले प्रारम्भिक प्रतिवेदनमा उल्लेखित बेरुजुका व्योहाराको अन्तिम प्रतिवेदन पाना २६ (छब्बीस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानूनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडारहीत स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमूख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# चुरे गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७५/७६

**परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न चुरे गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । सुरपश्चिम प्रदेशको कञ्चनपुर जिल्लामा रहेको पालिकाको वडा संख्या ६ र क्षेत्रफल ४९३.१८ वर्ग किलोमिटर तथा जनसंख्या २२,००० रहेको छ ।

**स्थानीय संचित कोषः–** आर्थिक वर्ष २०७५।७६ को समग्र संचित कोष आयव्यय हिसावको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छः

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | २५६४१५३८.५० | १ | **चालु खर्च** | | १८०९५७१९७.१० |
| | क) नगद | | ०० | २ | **पूँजीगत खर्च** | | १४९०६८०३५.०६ |
| | ख) बैंक | | ०० | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | ०० |
| २ | **राजस्व (आन्तरिक आय)** | | ६९०६५००७.२५ | | क) ऋण भुक्तानी | | ०० |
| | क) आन्तरिक राजस्व | ८९०२४९३.७५ | ०० | | ख) ब्याज भुक्तानी | | ०० |
| | ख) राजस्व बाँडफाँड | ६०१६२५२३.५० | ०० | | ग) अन्य भुक्तानी | | ०० |
| | ग) अन्य आय | | ०० | ४ | **लगानी** | | ०० |
| ३ | **वित्तीय हस्तान्तरण संघ** | | २२५७५४५०० | | ऋण लगानी | | ०० |
| | क)वित्तीय समानीकरण अनुदान | ७७६००००० | ०० | | शेयर लगानी | | ०० |
| | ख) सशर्त अनुदान | १३९१९४५०० | ०० | | अन्य लगानी | | ०० |
| | ग) समपूरक अनुदान | १०००००००० | ०० | ५ | **धरौटी फिर्ता** | | २६१६१९ |
| | घ) विशेष अनुदान | | ०० | ६ | **जनश्रमदान फिर्ता** | | ०० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | १४६४८००० | ७ | **कोष खर्च** | | ०० |
| | क)वित्तीय समानीकरण अनुदान | ६६६०००० | ०० | ८ | **मौज्दात** | | ०० |
| | ख) सशर्त अनुदान | ०० | ०० | | क) बैंक मौज्दात | | ३९२७१३५९.४० |
| | ग) समपूरक अनुदान | ३७८८००० | ०० | | ख) नगद मौज्दात | | ०० |
| | घ) विशेष अनुदान | ४२००००० | ०० | ९ | **शसर्त अनुदान फिर्ता** | | ४५०२३७३.०७ |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | ०० | १० | **गत बर्षको बढी अल्या** | | ०० |
| ७ | **विभिन्न कोषतर्फको आय** | ०० | ५५०३५१.४४ | ११ | **जनश्रमदान मौज्दात** | | ०० |
| ८ | **जनसहभागिता (नगद)** | | ०० | १२ | **धरौटी मौज्दात** | | २८६३३५१ |
| ९ | **विषयगत निकायबाट प्राप्त** | | ०० | १३ | **कोषको मौज्दात** | | ५५०३५१.४४ |
| १० | **धरौटी आय** | ०० | २९१६३५१ | १४ | अन्य फिर्ता | | १०९३८४२७.१२ |
| ११ | **लगानीको साँवा फिर्ता** | | ०० | | | | ०० |
| १२ | **अन्य विविध आय** | | ४९८३६९६२ | | | | ०० |
| | **जम्मा** | | **३८८४१२७१०.१९** | | **जम्मा** | | **३८८४१२७१३.१९** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **लेखापरीक्षणको क्रममा दाखिला -** लेखापरीक्षणको क्रममा प्रारम्भिक प्रतिवेदनको मस्यौदा उपलव्ध गराएपछि वडा कार्यालयवाट संकलन भएको राजश्व कम दाखिला भएको रु.५,५८६। स्थानिय संचितकोषमा दाखिला भएको छ । | |
| | स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने, १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ मसान्तभित्र नै पारित गर्नुपर्ने व्यवस्था अनुसार २०७५ आषाढ मसान्तभित्र बजेट गाँउ सभाबाट पारित भएको छ ।<br>लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यावसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तीय विवरणको शुद्दताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिति २०७६/११/१४ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् । | |
| १. | **आर्थिक विवरण -** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ अनुसार गाँउपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्ने व्यवस्था छ । गाँउपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र  खर्चको स्थिति देखाउदैन भने शीर्षकगत खचंको स्थिति समेत मुल्यांकन गर्न सकिने स्थिति देखिएन । | |
| २. | **वित्तीय विवरण -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाँउपालिकाकले प्रत्येक वर्ष साउन एक गते देखि आगामि वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । साथै गाँउपालिकाले सोही ऐनको दफा ६९ मा तोकीय अनुसार आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्ने व्यबस्था छ । त्यसैले तोकिए बमोजिमका वित्तीय विवरणहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी आय व्ययको लेखांकन गर्नुपर्दछ । | |
| ३. | **गत वर्षको जिम्मेवारी -** गतवर्षको अन्तिम मौज्दात र यो वर्षको शुरुको मौज्दात एक आपसमा भिड्नुपर्दछ । गतवर्ष २०७४।७५ को लेखापरीक्षण प्रतिवेदनमा मौज्दात रु २,५६,४१,५३८।५० रहेको देखिन्छ । सोही रकम नै यो वर्षको शुरु मौज्दात जिम्मेवारी सारेकोमा पाईयो । | |
| ४. | **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा गाँउपालिकाले ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । तर गाँउपालिकाले उक्त समिति गठन गरेको पाईएन । त्यसैले कानून बमोजिम समितिको गठन गरी गाँउपालिकाको वार्षिक नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५. | **श्रोतअनुमान तथा बजेट सिमा -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६  बमोजिम गाँउपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सिमा निर्धारण गर्न,  बजेट | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | तथा कार्यक्रमको प्राथमिकिकरण, बजेट तर्जुमा गर्दा मार्गदर्शन लगायतका कार्य गर्न ४ सदस्यीय श्रोत अनुमान तथा बजेट सिमा समिति गठनको व्यवस्था छ । तर गाँउपालिकाले उक्त समितिले गठन गरेको पाईएन । त्यसैले कानून बमोजिम समितिको गठन गरी गाँउपालिकाको बजेट तथा कार्यक्रमको प्रथामिकीकरण, बजेट सिमा निर्धारण र सोही अनुसार गाँउ सभामा बजेट तथा कार्यक्रम पेश तथा पारित गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ६. | **खर्च गर्ने अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमूख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिनभित्र वडा सचिवलाई कार्यक्रम र बजेटसहित प्रचलित कानून बमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था भएपनि बजेट कार्यान्वयनको लागि अख्तियारी प्रदान गर्ने गरेको पाइएन । अतः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम बजेट खर्च गर्ने अख्तियारी प्रदान गरी खर्च गर्नुपर्ने पर्दछ । | |
| ७. | **आयको अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाँउपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाँउपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१०,८०,०००।- आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७५।७६ मा रु.८९,०२,४९३।७५ लाख हजार अर्थात अनुमान भन्दा ८२४ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| ८. | **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाँउपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाँउपालिकाले आर्थिक वर्ष २०७५।७६ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br><br>केन्द्रीय अनुदानबाट खर्च: ३२,४६,५९,१२१/- ; आन्तरिक आय: ८९,०२,४९३।७५ ; आन्तरिक आय प्रतिशत: २.७४<br><br>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.७४ प्रतिशत मात्र रहेको छ । त्यसैले गाँउपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ९. | **आयव्ययको लेखा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा गाँउपालिकाले नेपाल सरकारले निर्धारण गरेबमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शीर्षकसम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष एकल खाता कोष प्रणालीबाट सञ्चालन गरी भुक्तानी गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता, बहुक्षेत्रीय पोषण, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको बजेट स्थानीय तहको सञ्चित कोषमा जम्मा गरेर खर्च गरेको, चालु र पूँजीगत खर्च शीर्षकको विनियोजन तथा नेपाल सरकारको आय तथा व्यय शीर्षकको शीर्षकगत लेखाङ्कन पालना स्थिति कमजोर रहेको, योजनागत खाता अद्यावधिक हुन नसकेको देखिन्छ । कार्यालयले तोकिएको विनियोजन तथा खर्च प्रणाली अवलम्बन गर्दै आय तथा व्ययको शीर्षकगत परिपालनामा विशेष ध्यान दिनुपर्दछ । | |
| १०. | **मध्यकालिन खर्च संरचना -** अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो कार्यक्षेत्र भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहीत मध्यकालिन | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । गाँउपालिकाले सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउने मध्यमकालिन खर्च संरचना कार्यान्वयनमा ल्याएको छैन । स्रोतको बितरणमुखी प्रवृत्तिलाई नियन्त्रण गर्न, स्रोतसाधनलाई प्राथमिकताप्राप्त क्षेत्रमा प्रवाह गर्न तथा योजनाहरुलाई लागतलाभ विश्लेषण गरी लागतप्रभावी बनाउन मध्यकालिन खर्च संरचनालाई कार्यान्वयन गर्न कार्यालयले ध्यान दिनुपर्दछ । | |
| *११.* | **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम गाँउपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमूख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र गाँउपालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्था रहेकोमा गाँउपालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायतका क्षेत्रगत बिषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधिको तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| *११.१* | **वजेट विनियोजन -** विभिन्न सीपमुलक तथा चालु खर्च प्रकृतिका तालिम र अनुदान एवं कार्यक्रमहरु पूँजीगत वजेट अन्तर्गत विनियोजन गरी खर्च लेखेको देखियो । खर्च शिर्षक वर्गिकरण र व्याख्या, २०७४ को अनिवार्य रुपमा पालना गरी गराई सोही अनुसार वजेट विनियोजन र खर्च गर्नुपर्ने देखियो । | |
| *१२.* | **आन्तरिक नियन्त्रण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमित र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्:<br>● *गाँउपालिकाले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको छैन ।*<br>● *गाँउपालिकामा समयोजन भई आएका साविकका गा.वि.स. र विषयगत कार्यालयबाट हस्तान्तरण भई आएका जिन्सीको अवस्था देखिने गरी विवरण तयार गरेको छैन ।*<br>● *गाँउपालिकाको वडा कार्यालय र विषगत शाखामा छुट्टा छुट्टै जिन्सी खाता राखेको र जिन्सी सामानको एकीकृत विवरण समेत नबनेको,*<br>● *गाँउपालिकाको मूल जिन्सी खातामा सबै जिन्सी सामानको आम्दानी नजनाई वडागत रुपमा जिन्सी खाता तयार गरेबाट जिन्सी सामान एकिन गर्न तथा अभिलेख राख्न कठिन हुने देखिएको ।*<br>● कतिपय कारोबारहरु मूल्य अभिवृद्धि कर बेगरका फर्मसँग गरेको ।<br>● *गाँउपालिका क्षेत्र भित्र कोष प्रमाणित तथा भ्रमण प्रतिवेदन बेगर अनुगमन तथा दैनिक भ्रमण भत्ता खर्च लेख्ने गरेको ।*<br>● *विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रम समेत बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठी* | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | *तर्फ केन्द्रीत भई वितरणमुखी मात्र देखिएको ।*<br>● *सार्वजनिक खरिद नियमावली बमोजिम कार्यालयले खरिद गुरु योजना तथा वार्षिक खरिद योजना तयार गरी खरिद कारबाही संचालन गरेको ।*<br>● महालेखा नियन्त्रक कार्यालयबाट जारी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या अनुसार एकीकृत आर्थिक संकेत प्रयोग गरेको छैन ।<br>● विगत वर्षको बेरुजु लगत अद्यावधिक गरेको छैन ।<br>● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम श्रोत नक्सांकन वा गाँउपालिकाको प्रोफाईल तयार गरेको छैन ।<br>अतः तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ । | |
| *१३.* | **जिन्सी व्यस्थापन -** सुदुरपश्चिम प्रदेशको आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयमा रहेको र कुनै श्रोतबाट प्राप्त जिन्सी मालसामानको अद्यावद्यिक विवरण तयार गरी राख्नु पर्दछ भन्ने व्यवस्था छ । गाँउपालिकाले आफ्नो कार्यालयमा रहेका जिन्सी मालसामानको अद्यावद्यिक विवरण तयार गरी जिन्सी निरिक्षण मूल्यांकन समितिले प्रतिवेदन पेश गरेको छ । जिन्सी निरीक्षण प्रतिवेदन अनुसार मर्मत गर्नुपर्ने सामान तिन महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गर्नुपर्ने व्यवस्था छ । सो अनुसार लिलाम र मर्मत गरेको छैन । साथै गाउँपालिकाले जिन्सी खाता, सहायक जिन्सी खाता, पेश्की खाता लगायतका अभिलेखहरु सम्वन्धित शाखा प्रमुख तथा कार्यालय प्रमुखवाट प्रमाणित गरी राख्ने गरेको छैन । कार्यालयले खाताहरु प्रमाणित गरी जिन्सी सामानहरु मर्मत तथा लिलाम गर्नुपर्दछ । | |
| *१४.* | **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) र प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२(१) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्रै आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस पालिकाको आन्तरीक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालय कैलाली बाट भएको पाईयो । | |
| *१५.* | **आ.ले.प.शाखा -** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस गाउँपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| *१६.* | **बरबुझारथ -** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाँउपालिका तथा गाँउपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाँउपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाँउपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाँउपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाँउपालिकाले एकिन गरी अध्यावधिक गरी राखेको पाईयो । | |
| *१७.* | **सम्पत्ति हस्तान्तरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा गाँउपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाँउपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार गरी, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१८.</td><td>कल्याण कोष - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि एकमुष्ठ रु. ५,५०,३५१।४४ जम्मा गरेको देखियो । एक महिना बरावरको रकम बार्षिक रुपमा जम्मा गरी कोषमा जम्मा गर्नुपर्नेमा गाँउपालिकाको तर्फबाट एकमुष्ठ जम्मा गरेको छ । तसर्थ कानूनको परीपालना गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१९.</td><td>तलबी प्रतिबेदन - स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहअन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले पालिका अन्तरर्गतका (विषयगत बाहेक) कर्मचारीको तलबी प्रतिवेदन पारित कोष तथा लेखानियन्त्रक कार्यालयबाट पारितगरी तलब खर्च लेखेको पाईयो ।</td><td></td></tr>
<tr><td>२०.</td><td>कर्मचारी ब्यवस्था - कार्यालयले उपलव्ध गराएको स्वीकृत दरबन्दी विवरण अनुसार स्थायी कर्मचारीको दरवन्दी ८१ रहेता पनि पदपूर्ति ३८ (स्थायी २३,करार १५) जना पदपूर्ति भएको देखियो । बाँकी पद, पदपूर्तिको लागि पहल हुनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२०.१</td><td>वडा सचिवको पदपूर्ति - गाँउपालिका अन्तर्गका ६ वटा वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपूर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।
<table>
<tr><td>वडा संख्या</td><td>वडा सचिवको दरवन्दी</td><td>वडा सचिवको पदपूर्ति</td><td>रिक्त वडा सचिव</td></tr>
<tr><td>६</td><td>६</td><td>४</td><td>२</td></tr>
</table></td><td></td></tr>
<tr><td>२१.</td><td>चौमासिक खर्च - गाँउपालिकाले स्वीकृत भएको कार्यक्रमको चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । गाँउपालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय अनुसार छः
<table>
<tr><th rowspan="2">क्र. सं.</th><th rowspan="2">बजेट उपशीर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="4">चौमासिक खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेस्रो चौमासिक</th><th>आषाढ महिना</th></tr>
<tr><td>१.</td><td>पूँजीगत खर्च तर्फ</td><td>९७९९६४५२.२०</td><td>२५२६१७२.००</td><td>६४४९२६०.००</td><td>८८९२१०१९</td><td>४७३१९६१५.००</td></tr>
<tr><td></td><td>प्रतिशत</td><td></td><td>२.५७</td><td>६.६८</td><td>९०.७३</td><td>४८.२६</td></tr>
</table>
गाँउपालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.९ करोड ७९ लाख ९६ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.२५ लाख २६ हजार अर्थात २.५७ प्रतिशत, दोश्रो चौमासिकमा रु.६४ लाख ४९ हजार, अर्थात ६.६८ प्रतिशत र तेश्रो चौमासिकमा रु.८ करोड ९८ लाख २१ हजार, अर्थात ९०.७३ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.४ करोड ७३ लाख १९ हजार अर्थात  प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>२२.</td><td>प्रशासनिक खर्च - कुल आन्तरिक आयको तुलनामा प्रशासनिक खर्चको सीमा निर्धारण गरी खर्च गर्नुपर्नेमा सो सीमा निर्धारण गाँउपालिकाको कुल आय रु. ८९,०२,४९३।७५ को ९५ प्रतिशत नै प्रशासनिक खर्च गरेको पाईयो । यस्तो खर्चको सीमा निर्धारण गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२३.</td><td>सेवाप्रवाहको स्थिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था अनुसार ३ वटा ऐन, ३ वटा नियमावली र ८ बटा कार्यबिधि, ३ वटा निर्देशिका स्वीकृत गरी कार्यान्वियनमा ल्याएको छ । यस वर्ष गाँउपालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :
<table>
<tr><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>स्वीकृत घर नक्सादर्ता पास</td><td>००</td></tr>
<tr><td>पञ्जिकरण तर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>२८७५</td></tr>
<tr><td>मृत्यू दर्ता</td><td>२१४</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>४३४</td></tr>
<tr><td>बिबाह दर्ता</td><td>५६१</td></tr>
<tr><td>सम्बन्ध विच्छेद दर्ता</td><td>२</td></tr>
<tr><td>अन्य सिफारिस</td><td></td></tr>
<tr><td>घरबाटो सिफारिस</td><td>नखुल्ने</td></tr>
<tr><td>नागरिकता सिफारिस</td><td>नखुल्ने</td></tr>
<tr><td>नाता प्रमाणित</td><td>नखुल्ने</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>००</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>००</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>००</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>००</td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार गाँउपालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा आएको देखिएन । सिफारिस लगायतका अत्यावश्यक सेवा समेत दिन नसेकेको गाँउपालिको सेवाप्रवाहको स्थितिमा सुधार हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२४.</td><td>न्यायिक समितिको वार्षिक विवरण - स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ५३(२) बमोजिम गाउँपालिकाको न्यायिक समितिले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्वन्धित सभामा पेश गर्नुपर्ने व्यवस्था छ । तर सो समितिले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्वन्धित सभामा पेश गरेको छैन । अत न्यायिक समितिको वार्षिक विवरण नगरसभामा पेश गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२४.१</td><td>न्यायिक समिति र न्याय सम्पादन - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार गाँउपालिकाको उप-प्रमुखको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ । गाँउपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन अवस्था देहाय बमोजिम छ ।
<table>
<tr><th>दर्ता भएका विवाद</th><th>फछ्र्यौट भएका विवाद</th><th>फछ्र्यौट हुन बाँकी विवाद</th></tr>
<tr><td>३९</td><td>३४</td><td>५</td></tr>
</table></td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | *उपरोक्त विवरण अनुसार प्राप्त विवादको समयमै निरुपण तथा फछ्र्यौट गर्ने तर्फ ध्यान दिनुपर्दछ ।* | |
| २५. | **लक्ष्य प्रगति -** कार्यालयको चौमासिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरियका योजनाहरुको नियम बमोजिमको उल्लिखत ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने कार्यकारी, प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ । | |
| २६. | **योजना र कार्यान्वयन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलप्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । सो अनुसार दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचि तयार गरेको पाईएन । योजना तयारी सम्बन्धी उक्त व्यवस्थाको पालना गरिनु पर्दछ । | |
| २७. | **सभाको निर्णय कार्यान्वयन -** मिति २०७५।३।३२ मा सम्पन्न गाँउपालिकाबाट पारित विभिन्न क्षेत्रगत कार्यक्रम कार्यान्वयनको स्थिति सहितको सभाको निर्णय र प्रतिवेदन माग गरिएकोमा उपलब्ध हुन सकेन । अत सभाको निर्णय कार्यान्वयन स्थिति प्रतिवेदन तयार गरी वर्षान्तमा समिक्षा गर्नुपर्दछ । | |
| | **राजश्व तथा आन्तरिक आय :** | |
| २८. | **राजश्व अभिलेख -** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । बर्तमान स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । | |
| २८.१ | **रसिद नियन्त्रण खाता -** कार्यालयले राजस्व असूली तथा आन्तरिक आम्दानी गर्दा नगदी रसिदको प्रयोग गर्नुपर्ने र नगदी रसिद नियन्त्रण खाता राख्नुपर्ने व्यबस्था छ । कार्यालयले नगदी रसिद छपाई, गत वर्षको मौज्दात र खर्च तथा जिम्मेवारी सारेको परिमाण देखिने गरी रसिद नियन्त्रण खाता राखेको छैन । रसिद नियन्त्रण खाता नराखेकोले राजस्व असुलीमा प्रयोग भएको रसिदबाट असुल भएको सबै रकम दाखिला भएको छ भन्न सकिने आधार भएन । कतिपय वडाले आफैँले छापाई गरेर समेत रसिदको प्रयोग गरेको पाइयो । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो । | |
| २८.२ | **राजश्व दाखिला -** प्रदेश आर्थिक कार्यविधि ऐन अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । गाउँपालिका अर्न्तगत ६ वटा वडा कार्यालयबाट प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैंकमा दाखिला गरेको विवरण पेश गरेको छैन । | |
| २९. | **सवारी कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा गाँउपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा बार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा यस बर्ष रोडसेस करवापत कुनैपनि कर संकलन गरेको छैन । हर वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभावकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| ३०. | **मनोरञ्जन कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा गाँउपालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस गाँउपालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । | |
| ३१. | **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा गाँउपालिकाले आफ्नो कार्यक्षेत्रभित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउन सक्ने व्यवस्था रहेको छ । गाँउपालिकाको आर्थिक ऐन, २०७५ ले अनुसूची ४ अनुसार व्यवसाय कर लगाई असुल गर्ने उल्लेख छ । यस गाँउपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नुपर्नेमा व्यवसायीहरुको लगत राखी उक्त लगत अद्यावधिक गरी लगतमा भएका सम्पूर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाइएन । गाँउपालिका क्षेत्रभित्रका व्यवसायलाई व्यवसायीको अभिलेख राखी करको दायराभित्र ल्याउनुपर्दछ । | |
| ३२. | **बैंक हिसाब -** गाँउपालिकाको खाता हिसाब र बैंक हिसाब एक आपसमा भिडान हुनुपर्दछ । गाँउपालिकाको आयव्यय विवरण अनुसार (स्रेस्ताअनुसार) आषाढ मसान्तको मौज्दात रु. ९,७१,६९,८५४/४ देखिएको छ, तर मिति २०७६।३।३१ को बैंक स्टेटमेन्ट अनुसार देहायका बैंक खातामा जम्मा रु.१४,१२,४६,५६४/५७ मौज्दात देखियो । गाँउपालिकाको स्रेस्तामा र बैंक हिसाबमा रु.४,४०,७६,७१०।- फरक परेको देखिएकोले सो फरक हिसाब सम्बन्धमा बैंक हिसाब मिलान विवरण तयार गरी हिसाव मिलान गर्नुपर्दछ । | |

| खाता | २०७५।३।३२ को मौज्दात बैंक स्टेटमेन्ट अनुसार | श्रेस्ता अनुसार मौज्दात |
|---|---|---|
| चालू खर्च खाता ग २.१ | २११७१२०७.३१ | ८७७२६३५.३१ |
| सञ्चीतकोष | ३४३३६५८५.७५ | २९८३६५८५.७५ |
| पूँजीगत खाता ग २.२ | २७८४०२७६.५१ | ६६२१३८.३४ |
| धरौटी | २८६३३५१.०० | २८६३३५१.०० |
| कल्याण कोष | ५५०३५१४४ | ५५०३५१४४ |
| **जम्मा** | **१४१२४६५६४.५७** | **९७१६९८५४.४** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| **३३.** | **स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानीलगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको गाँउपालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले आ.ब.०७४।७५ मा तयार गरेको प्रोफायललाई नै आधारमानी कार्यान्वयन गरेको पाईयो । | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>३४.</td><td>ठेक्का व्यबस्थापन - सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । गाँउपालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छः<br>(रु हजारमा)
<table>
<tr><th rowspan="2">कुलनिर्माण खर्च</th><th colspan="2">सोझै खरिद</th><th colspan="2">सिलबन्दी दरभाउपत्र</th><th colspan="2">वोलपत्र</th></tr>
<tr><th>सोझै खरिद संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th><th>ठेक्का संख्या</th><th>रकम</th></tr>
<tr><td>१४४७६७</td><td>५</td><td>१५००</td><td>५</td><td>५२००</td><td>५</td><td>१३८०६७</td></tr>
</table></td><td></td></tr>
<tr><td>३५.</td><td>बार्षिक खरिद योजना/ गुरुयोजना - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस गाँउपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१४,९०,६८,०३५।०६ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर गाँउपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः गाँउपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३६.</td><td>सवारी साधन खरिद – स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका, २०७४ को दफा ५.१५ मा नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनका लाागि सवारी साधन खरिद गर्न नसकिने व्यवस्था छ । गाँउपालिकाले यस वर्ष ६ वटा मोटरसाइकल खरिद गरी रु. १५ लाख खर्च गरेको छ ।</td><td></td></tr>
<tr><td>३७.</td><td>प्राविधिक बिल र कार्य सम्पन्न - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३८.</td><td>उपभोक्ता समिति - सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने, जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनी व्यवस्थाको पालना</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | भएको पाईएन । | |
| ३९. | **उपभोक्ता समिति छनौट -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समूदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्रही समूदायको व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने ब्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौताबाहेक सम्झौतापूर्वका उक्त प्रकृया पालना गरेको कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको ब्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनुपर्दछ । | |
| ४०. | **खर्च अनुमोदन –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समूदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने ब्यवस्था छ । कार्यालयबाट सञ्चालित योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका र बिल भुक्तानीको लागि प्राविधिक मूल्याङ्कन पेश गर्ने गरेको भएता पनि अन्य बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजातहरु समितिको पूर्ण बैठकबाट खर्च अनुमोदन गरेको प्रमाण र सार्वजनिक तथा सामाजिक लेखापरीक्षण गरी सोको प्रमाण पेश गर्ने गरेको छैन । कार्यालयले समेत अनुगमन समितिको खाली प्रतिवेदनमा हस्ताक्षर गरेको आधारमा खर्चको सुनिश्चितता यकिन गरी भुक्तानीको लागि पेश गर्ने गरेको अवस्था देखिन्छ । नियमको प्रावधानबमोजिम कागजात पेश गर्न लगाई खर्च थप पारदर्शी एवं यथार्थपरक बनाउनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ४१. | **योजना हस्तान्तरण -** निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी योजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्नेमा कार्यालयबाट सञ्चालित बार्षिक विनियोजन भएका योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका सम्झौता अनुसारको कार्यको मात्र कार्य सम्पन्न प्रतिवेदन बनाई बार्षिक कार्यक्रम अनुसारको योजना सम्पन्न भएको यकिन गर्ने प्राविधिकहरुको प्रबृत्तिका कारण योजना पूर्ण रुपमा सम्पन्न हुने स्थिति नरहेको देखियो । योजनाहरु सम्पन्न भैसकेपश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि सञ्चालन गरिएका योजना सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारीसमेतको हस्तान्तरण गर्ने गरेको छैन । समयमा नै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समिति मै रहने गरी हस्तान्तरण गर्ने कार्यमा सम्बन्धित निकायको ध्यान जानुपर्दछ । | |
| ४२. | **सार्वजनिक तथा सामाजिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने ब्यवस्था छ । गाँउपालिकाबाट बार्षिक सम्पन्न योजनाहरु कार्यालयको सेवाप्रबाह सम्बन्धमा सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण भए गरेको पाईएन । ऐनले तोकेअनुसार कार्यान्वयन भएका योजनागत विकास निर्माणका कार्यको सार्वजनिक एवं सामाजिक परीक्षण गर्ने ब्यवस्था सुरु गर्नुपर्ने देखिन्छ । | |
| ४३. | **गुणस्तर परीक्षण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेसन र गुणस्तर | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । कार्यालयबाट निर्माण भएका संरचनाहरु खरिद गरिएका यन्त्र उपकरण, ल्यापटप ग्यावियन सिमेन्ट पाईप लगायतको भुक्तानी गर्दा सामानको गुणस्तर परीक्षण गरेको छैन । अतः खरिद भएको निर्माण सामाग्री लगायतका यन्त्र औजार लगायतका सामानहरुको गुणस्तर सम्बन्धमा सुनिश्चित गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४४.</td><td>योजना छनौट र कार्यान्वयन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । गाँउ सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७५/७६ को अध्ययन गर्दा गाँउपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । गाँउपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><th>रु.१ लाख सम्म</th><th>रु. १ देखि २ लाख सम्म</th><th>रु. २ देखि ५ लाख सम्मका</th><th>रु. ५ देखि १० लाख सम्मका</th><th>रु. १० लाख भन्दा बढिका</th><th>जम्मा</th></tr>
<tr><td>१८०</td><td>७०</td><td>६९</td><td>२७</td><td>१६</td><td>३६२</td></tr>
</table>
उपरोक्त विवरण अनुसार गाँउपालिकाले यस वर्ष ३६२ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र १८० वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>४५.</td><td>कन्टिन्जेन्सी खर्चको अभिलेख – सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २.५ प्रतिशत र अन्य सानातिना खर्च २.५ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । चालु प्रकृतिको कार्यक्रममा मात्र खर्च गरेकोले नियममा भएको व्यवस्था पालनामा उदासिनता देखियो । कार्यालयले कन्टिन्जेन्सी खर्चको कार्यक्रमगत आम्दानी खर्चको अभिलेख राखि कन्टिन्जेन्सी रकमको तोकिएको क्षेत्रमा उपयोग तथा नियन्त्रणको व्यवस्था गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४६.</td><td>उपभोक्ता समितिबाट निर्माण कार्य - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट कार्य गराउदा सम्पूर्ण निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नुपर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर मेशिनको प्रयोग गर्न नहुने उल्लेख छ । नियमावलीको नियम ९७ (११) अनुसार उपभोक्ता समितिका लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको नापजाँच गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको अंशसमेत कुलखर्चको विवरण सो निकायमा भुक्तानीको लागि पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष समानीकरण तथा सशर्त अनुदान (पूँजीगत) तर्फ सञ्चालित कार्यक्रमको विनियोजन भएको बजेट अनुसारको योजनागत सम्झौता सम्पन्न भएको उल्लेख छ । कार्यालयले अभिलेखको रुपमा ई.नापी कितावमा निर्माण कार्यमा लोडर, एक्साभेटर लगायतका मेशिन प्रयोग गर्ने गरी स्वीकृत लागत अनुमान अनुसार उपभोक्ता समितिलाई गएको भुक्तानीतर्फको सम्झौता अंकबाट कुल मूल्याङ्कन भएको कामको मूल्यमा ८० प्रतिशत यकिन गरी सम्झौता भएअनुसारको पुरै रकम भुक्तानी दिई बिलको</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | मुल्याङ्कनमा बाँकी हुन आउने रकम एकमुष्ट उपभोक्ताको तर्फबाट भएको श्रमदानको अंश भनि उल्लेख गरेको देखियो । यसरी मूल्याङ्कन गर्दा अधिकाशं योजनामा कुल काम कम देखिँदा उपभोक्ताको अंश न्यून देखिने अवस्था भएकाले स्वीकृत लागत अनुमानभन्दा वास्तविक कामको मूल्याङ्कन बिल अधिक देखाई कार्यालयबाट भुक्तानी हुने अंश पुरै भुक्तानी दिने र उपभोक्ताको अंश कम देखिने समस्यालाई टेवापुग्ने गरी लागत अनुमानभन्दा बढी कामको बिल बनाई पेश गर्ने गरेको अवस्था देखियो । उपभोक्ता समितिलाई भेरिएशन स्वीकृत गर्न नमिल्ने नियमावलीको व्यवस्था विपरीत प्राविधिकहरुले लागत अनुमानभन्दा बढीको उपभोक्ता समितिको कामको विल तयार गरी भुक्तानीका लागि सिफारिस गर्ने गरेकाले यस्तो प्रबृतिमा नियन्त्रण हुनु पर्दछ । | |
| ४७. | **भ्रमण खर्च -** सुदुर पश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् :<br>*-अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।*<br>*-नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।*<br>*- भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश गाँउ अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।*<br>*- कतिपय भ्रमणहरु गाँउपालिकासँग असम्बन्धित गाँउ/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।*<br>*- स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।*<br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ४८. | **वडा कार्यालयबाट भएको खर्च -** गाँउपालिकाले वडा कार्यालयलाई जम्मा रु ४,७७,५५,०००।- भुक्तानी दिएको छ । वडा कार्यालयसँग सम्बन्धित खर्चहरु गाँउ कार्यपालिकाबाट भुक्तानी भईरहेको अवस्थामा वडा कार्यालयबाट थप बैठक भत्ता, जिन्सी सामान खरिद, अनुगमन/भ्रमण लगायतका कार्यमा खर्च भएका छन् । यसरी वडागत रुपमा खर्च गर्दा जिन्सी विवरण अद्यावधिक नभएको, वडा कार्यालयको खर्चमा एकरुपता नदेखिएको तथा गाँउपालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने जोखिम समेत देखिएकाले दुई निकायबाट खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्न ध्यान दिनुपर्दछ । | |
| ४९. | **स्थानीय तहका पदाधिकारी सुविधा -** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा गाँउसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार गाँउपालिकाबाट देहाय बमोजिम रु. सुविधा वापत भुक्तानी भएको छ । | |

| सि.स. | विवरण | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष ६ जना | कार्यपालिका सदस्य | सभाका सदस्य २० जना | जम्मा |
|---|---|---|---|---|---|---|---|

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | <table><tr><td>नं</td><td></td><td></td><td></td><td></td><td>६ जना</td><td></td><td></td></tr><tr><td>१.</td><td>मासिक सुविधा</td><td>३६०००० </td><td>३००००० </td><td>१४४०००० </td><td>५७६०० ०</td><td>१२०००० ०</td><td>३८७६०० ०</td></tr><tr><td>२.</td><td>सञ्चार सुविधा (मासिक दरमा)</td><td>१३२००</td><td>१२०००</td><td>३६०००</td><td>००</td><td>००</td><td>६१२००</td></tr><tr><td colspan="7">**जम्मा**</td><td>**३९३७२० ०**</td></tr></table> | |
| ४९.१ | **पदाधिकारी अन्य सुविधा -** सुदुरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधाको सम्बन्धी ऐन, २०७५ को दफा १२ मा ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ । गाँउपालिकाले ऐनले तोकेको सुबिधा वाहेक बर्ष भरी बैठक भत्ता रु.१५,३००।- र इन्धनवापत रु.२,२१,६२५।- सहित जम्मा रु.२,३६,९२५।- सुविधा खर्च लेखेको देखियो । यसरी ऐनमा व्यवस्था नभई लिएको उक्त रकम नियम संगत नदेखिएको रु.. | २,३६,९२५/- |
| ५०. | **प्रेशसल्लाहकार नियुक्ति -** सुदुर पश्चिम प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ मा यस प्रदेश भरका स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । गाँउपालिकामा भए गरेका काम कारबाहीको सार्वजनिकीकरण गर्नका लागि १ जना मिडियाकर्मीलाई मासिक ५०००।- का दरले जम्मा ४ महिनाको लागि जम्मा २०,०००।- खर्च गरेको अनियमित देखिएको रु... | २०,०००।- |
| ५१. | **आर्थिक सहायता -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम गाँउपालिकाले आफ्नो कार्यक्षेत्र भित्र कार्य गर्ने आवश्यक पर्ने ऐन, नियम, निर्देशिका, कार्यविधि बनाई स्थानीय राजपत्रमा प्रकाशित गर्नुपर्ने व्यवस्था छ । तर गाँउपालिकाले यस प्रकारको कुनै पनि कानून तथा कार्यविधि बेगर विलभरपाईका आधारमा स्थानीय उद्दार, राहात तथा पुनःस्थापना, विपन्न वर्गलाई औषधि उपचार लगायतकाका कार्यमा आर्थिक सहायता उपलब्ध गराएको छ । यसरी खर्चको विल भरपाई राखी गाउँ कार्यपालिकाको विभिन्न मितिको निर्णय अनुसार रु. ५०००।- देखि रु.१,३५,०००-। सम्म जम्मा रु. ५,००,०००।- आर्थिक सहायता वितरण गरेको छ । यस्तो सहयोग उपलब्ध गराउँदा आवश्यक कानून तथा कार्यविधि बनाई सोको आधारमा सदुपयोग हुने गरी वितरण गर्नेतर्फ समेत ध्यान दिनु पर्दछ । | |
| ५२. | **विशेष भत्ता** - नेपाल सरकारबाट स्थानीय निकायमा खटिएका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामजिक परिचलान खर्च पाउने व्यवस्था छ । | |
| ५३. | **सिधै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धालाई सिमिति हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु नहुने व्यहोरा उल्लेख छ । साथै गाँउपालिकाले वोलपत्र छल्ने उद्देश्यले टुक्रा टुक्रा बनाई खरिद कार्य गरेको अनियमित देखिएको रु.<br><table><tr><th>शिर्षक</th><th>भौ.नं. र मिति</th><th>बिबरण</th><th>मू.अ.कर समेतको रकम</th></tr><tr><td rowspan="2">समानिकरण चालु,संघ</td><td>६६-०७५/९/२२</td><td>अफिस सामान खरिद</td><td>३४७२६६.००</td></tr><tr><td>९५-०७५/१०/२</td><td>अफिस सामान खरिद</td><td>१४५४०२.००</td></tr></table> | २२,५०,२५६/- |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| | ९७-०७५/१०/२० | अफिस सामान खरिद | ६५३५०.०० |
| | १९७- ०७६/३/३१ | औषधी खरिद | १००००००.०० |
| समानिकरण चालु,प्रदेश | ५२-०७६/२/२१ | इलेक्ट्रीक सामान | ४८८९०३.०० |
| | ५२-०७६/२/२१ | अफिस सामान खरिद | ७७०४५.०० |
| | ५२-०७६/२/२१ | अफिस सामान खरिद | १२६२९०.०० |
| जम्मा : | | | २२५०२५६.०० |

**समानिकरण चालु तर्फ :**

५४. **कार्य सम्पन्न मिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यबस्था छ । गाँउपालिकाले देहायका बिभिन्न सस्थाबाट कार्य गराएकोमा काम सम्पन्न भएको मिति उल्लेख गरेको छैन । यसरी कार्यसम्पन्न मिति उल्लेख नगर्दा समयमा नै कार्य सम्पन्न भएको भन्ने स्पष्ट आधार पेश हुन सकेन । साथै यस प्रकृतिका कार्य गर्दा अत्यावश्क काममा मात्र सेवा लिई खर्च यस प्रकारका खर्चमा मितव्यीता अपनाउनु पर्ने देखिन्छ ।

| भौ.नं.र मिति | फर्मको नाम | काम | सम्पन्न गर्नु पर्ने अवधी | भूक्तानी मिति | भूक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १३९-०७५/१२/१५ | सिभिल रिसर्च | भवन डिपिआर तयार | ०७५/११/२० | ०७५/१२/१५ | ४९७२०० | सम्झौता तथा डिपिआर प्रतिवेदन पेश नभएको |
| १४०-०७५/१२/१५ | आर टि.एस. इन्जिनियरिङ्ग | सडक डिजाईन | ०७५/११/३ | ०७५/१२/१५ | ९९९९४८ | |
| १४१-०७५/१२/१५ | सेबिका कन्ट्रकसन | लागत इस्टिमेट डिजाईन | ०७५/११/२० | ०७५/१२/१५ | ९९८३३० | |

**शिक्षा तर्फ :**

५५. **बिद्यालय निकासा खाता -** कार्यालयले शिक्षा ऐन नियमावलीले तोकेको ढाँचामा बिद्यालयलाई जाने सवै किसिमका रकम देखिने गरी निकासा खाता राख्नु पर्ने व्यवस्था छ । गाँउपालिका भित्रका सवै आधारभूत तथा माध्यामिक बिद्यालयहरुलाई तलब भत्ता छात्रबृति,रकम व्यवस्थापन अनुदान भौतिक निर्माण अनुदानको निकासा खाता अभिलेख तयार गरेको छैन । यसले गर्दा दोहोरो तथा बढी निकासा भएको छैन भनि एकिन गर्न सक्ने अवस्था रहेन ।

**सामाजिक सुरक्षा तर्फ :**

५६. **अभिलेख अद्यावधिक तथा बढी भुक्तानी -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ७ बमोजिम प्रत्येक स्थानीय तहले मन्त्रालयको स्वीकृति बिना कुनैपनि प्रकारका सामाजिक सुरक्षा भत्ता नगद वितरण गर्न नपाइने र प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्र भित्रका सबै लक्षित वर्ग तथा समूहको तथ्याङ्क केन्द्रीय पञ्जिकरण विभागको MIS systemमा Online प्रविष्टी गरी अद्यावधिक गरेको तथ्याङ्कको आधारमा नजिकको बैंकको शाखाबाट खाता सञ्चालन गरी वितरण गर्नुपर्ने व्यबस्था छ ।

५६.१ **दोहोरो भुक्तानी** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १३ मा लाभग्राहीले एक भन्दा बढी समुहबाट भत्ता लिन नपाउने व्यवस्था रहेको छ । यस नगरपालिकाले निम्न लाभग्राहीहरुलाई सामाजिक सुरक्षा भत्ता वितरण गर्दा दोहोरो पारी भुक्तानी गरेकाले दोहोरो वितरण भएको रकम सम्बन्धितबाट असुल गरी सघींय संचित कोषमा दाखिला गर्नुपर्ने रु.. — बेरुजू रकम: २४,०००/-

| क्र.सः | सि.नः हरु | लाभग्राहीको नाम थर | चौमार्सिक | वडा नः | नागरिकता नम्वर | वढी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १३ | गंगादेवी धामी | दोश्रो | ५ | ६७३०१२- | १६०० | ज्येष्ठ नागरिक |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०१ | ० | अन्यमा तेहेरो भुक्तानी |
| २ | ५ | सपना धामी | तेश्रा | ५ | नखुलेको | ८००० | पूर्ण अपांगतामा दोहोरो भुक्तानी |
| **जम्मा :** | | | | | | **२४०००** | |

५७. **कर्मचारीलाई भत्ता -** अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७५ को परिच्छेद ७ को ७.१.१ मा कानून अनुसार गठन भएका समितिहरुको बैठकका लागि मात्र भत्ता प्रदान गरिने उल्लेख छ । बोलपत्र मूल्यांकन, अनुगमन भत्ता भनी देहाय बमोजिम भत्ता बितरण गरेको अनियमित देखिएको रु.. ३,०३,४८०/-

| शिर्षक | भौ.नं.र मिति | कर्मचारी संख्या | खूद भूक्तानी |
|---|---|---|---|
| वित्तीय समानीकरण चालु | ७१-०७६/३/३१ | १३ | ७५२५५ |
| आन्तरीका आय चालु | ७-०७६/३/३१ | २१ | ११३४७५ |
| | ७-०७६/३/३१ | १४ | ११४७५० |
| **जम्मा** | | | **३०३४८०** |

**स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम तर्फ :**

५८. **हेभी मेशीनको प्रयोग -** सार्वजानिक खरिद नियमावली, २०६४ को नियम ९७(९) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न नमिल्ने व्यवस्था छ । गाउँपालिकामा उपभोक्ता समिति मार्फत संचालित विभिन्न सडक योजनाहरुमा निर्माण व्यवसायीहरुले एक्साभेटर प्रयोग गरी निमार्ण कार्य गरेको देखिन्छ । यसले एकातर्फ उपभोक्ता समितिलाई दिन नमिल्ने प्रकृतिको काम दिएको र अर्को तर्फ उपभोक्ता समितिले लिएको काम पुनः ठेक्का लगाउने प्रवृति वढेको देखिएको छ । कार्यालयले नियमको पालना गरी निर्माण कार्य गराउनु पर्दछ र यस्ता कार्यमा नियन्त्रण हुनुपर्ने देखिन्छ । यसका केही उदाहरणहरु निम्नानुसार छन् ।

| **भौ.नः मिति** | **उपभोक्ता समितिको नाम** | **भुक्तानी भएको निर्माण व्यबसायी** | **भुक्तानी रकम** |
|---|---|---|---|
| २-२०७६/०२/२१ | सहजपुर मंगलपुर मस्ये सडक स्तरोन्नती उ.स. | श्रीपुर विल्डर्स प्रा.लि. | १७९२६००.०० |
| ६-२०७६/०३/२४ | वगैचुला मस्ये सेरा सडक निर्माण उ.स. | पृथ्वी कन्स्ट्रक्सन कैलाली | ११२५९७७.०० |

**तराई मधेश समृद्धि कार्यक्रम :**

५९. **कन्टिन्जेन्सी खर्च -** ९- २०७६।३।३१, तराई मधेश समृद्धि कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १२ मा आयोजना कार्यान्वयन आधारमा हुने कुल लागतको वढीमा २ प्रतिशतले हुन आउने रकम आयोजना कार्यान्वयन गर्ने स्थानीय तहले कन्टिन्जेन्सी वापत खर्च गर्न पाईने उल्लेख गरेको छ । गाउँपालिकाले सामुदायिक भवन निर्माण कार्य उपभोक्ता समिति मार्फत रु.३५,७६,१२६। मा गराएकोमा कार्यविधि विपरित कन्टिन्जेन्सी कट्टा गरेको पाईयो । कार्यविधिमा भएको व्यवस्था अनुसार उक्त योजनाको कुल लागतको २ प्रतिशतले रु.७१,५२२। कन्टिन्जेन्सी कट्टा गर्नुपर्नेमा रु.१,३२,०००। कट्टा गरेकोले रु.६०,४७८। वढी कन्टिन्जेन्सी कट्टा गरेको देखियो । यसरी कार्यविधिमा भएको व्यवस्था विपरित कन्टिन्जेन्सी कट्टा गरेको अनियमित देखिएको रु.. ६०,४७८/-

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना :** | |
| ६०. | ११- २०७६।०१।२९, ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना कार्यान्वयन निर्देशिका (फेज III) को दफा ८.३ को तालिका २२ मा भुक्तानीको प्रकृया उल्लेख गरेको छ । जस अनुसार सिंचाई पोखरी निर्माण तर्फ प्रथम किस्ता ३० प्रतिशत, दोश्रो किस्ता ३० प्रतिशत र तेश्रो किस्ता ४० प्रतिशत भुक्तानी दिने व्यवस्था छ । गाउँपालिकाले लागत अनुमान रु.९,६८,३६५। भएको अलाड परम्परागत सिंचाई पोखरी संरक्षण उपभोक्ता समितिलाई प्रथम किस्तामा रु.४,३६,१३०। (४५ प्रतिशत) भुक्तानी दिएको पाईयो । उक्त भुक्तानी परियोजना कार्यान्वय निर्देशिका विपरित भएको पाईएकोले सम्पूर्ण कार्यक्रमको प्रत्येक भुक्तानीमा निर्देशिकाको परिपालना गर्नुपर्ने देखिएको छ । | |
| | **राजश्व वाँडफाँट नेपाल सरकार पूँजीगत :** | |
| ६१. | **नापी कितावमा नचढाएको कामको भुक्तानी -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले धारापानी मड्ड सडक निर्माण उपभोक्ता समिति चुरे ६ लाई नापी कितावमा प्रविष्टी भएको परिमाण भन्दा वढीको भुक्तानी दिएको पाईयो । यसरी नभएको कामको भुक्तानी अनियमित देखिएको रु.. | १,०२,७४६/- |

| कामको विवरण | भुक्तानी भएको | | | नापी किताव वमोजिम | | | वढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| | परिमाण | दर | रकम | परिमाण | दर | रकम | |
| Surface dressing | २४०० व.मि. | ४.६५ | ११५३० | ० | ४.६५ | ०.०० | ११५३० |
| Landslide clearance and grade adj in o/s | १०५० घ.मि. | ७०.०० | ७३५०० | ० | ७०.०० | ०.०० | ७३५०० |
| Excavation in o/s | ५९५७.१६ घ.मि. | ७०.०० | ४१७००१.२० | ५०५७ घ.मि. | ७०.०० | ३५३९९० | ६३०११ |
| Excavation in H/S | ० | ९५.०० | ०.०० | ५६१ घ.मि. | ९५.०० | ५३२९५ | (५३२९५) |
| **जम्मा :** | | | | | | | **१०२७४६** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६२. | **जिन्सी दाखिला -** १२- २०७५।०९।२२, आर्थिक कार्यबिधी नियमावली, २०६४ को नियम ४७ मा खरिद गरी प्राप्त हुन आएका जिन्सी मालसामानको बिबरण र मुल्य समेत खुलाई जिन्सी कितावमा ७ दिन भित्र आम्दानी बाँधी श्रेष्ता खडा गरि अध्यावधीक राख्नुपर्ने व्यबस्था रहेको छ । गाउँपालिकाले रु.९४,५००। को ७५ फिट सेक्सन पाईप र ८ एच.पी.को १ पम्प सेट एस.के.हार्डवेयरवाट खरिद गरेको छ । तर सो समाग्री स्टोर दाखिला भएको पाईएन भने किसानलाई वितरण गरेको पनि पाइएन । सो सामग्रीको स्टोर दाखिला तथा वितरण भरपाई वा जडान प्रमाण पेश गर्नुपर्ने रु.. | ९४,५००/- |
| ६३. | **वढी पाईप खरिद -** ४६- २०७५।१२।१८, गाउँपालिकाको रजवन खानेपानी उपभोक्ता समिति वडा नः ५ खानीडाँडामा निर्माण भएको खानेपानी योजनामा पाईप लाईन खन्नेपुर्ने काम भन्दा वढी मात्रमा पाईप खरिद गरेको पाईयो । पाईपलाईन जम्मा ९३० मिटर खन्ने काम भएको र सोही मात्रमा पाईप जडान भएको नापी किताव अनुसार देखिन्छ । तर 25mm/10kg को रु.१७,७१५। वरावरको ३४५ मिटर र 20mm/10kg को रु.५३,१००। वरावरको १५०० मिटर पाईप खरिद गरेको देखिएको छ । | ३२,४९१/- |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>पाईपलाईनमा प्रयोग भएको भन्दा 20mm/10kg साईजको रु.३२,४९१। वरावरको ९१५ मिटर पाईप घटी जडान भएको देखिएकोले जडान भएको प्रमाण पेश गर्नुपर्ने रु..</td><td></td></tr>
<tr><td>६४.</td><td>दर विश्लेषण - ५२- २०७५।१२।१८, सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार दर बिश्लेषण गरी निर्धारण गरिएको दरको आधारमा सार्बजनिक लागत अनुमान तयार गर्नुपर्ने व्यबस्था छ । यसरी तयार गरिएको लागत अनुमानको आधारमा भएको कामको भूक्तानी दिनु पर्दछ । गाउँपालिकाले जनता मा.वि.वैसेनी खेल मैदान निर्माण उपभोक्ता समितिलाई माटो कटिङ्गको भुक्तानी दिंदा दर विश्लेषणमा फरक पारी भुक्तानी दिएको पाईयो । दुई प्रकारको माटो कटिङ्गको काममा औषत दर राखि भुक्तानी दिएको छ । यसरी दुई प्रकृतिको काममा औषत दर प्रयोग गर्नुपर्ने कारण सहित प्रमाण पेश गर्नुपर्ने रु..
<table>
<tr><th rowspan="2">कामको विवरण</th><th colspan="3">दर विश्लेषण अनुसार भुक्तानी दिनुपर्ने</th><th colspan="3">भुक्तानी दिएको</th><th rowspan="2">वढी भुक्तानी</th></tr>
<tr><th>परिमाण</th><th>दर</th><th>रकम</th><th>परिमाण</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>Excavation in Ordinary Soil</td><td>४०० घ.मि.</td><td>४७८.९५</td><td>१९१५८०</td><td>४०० घ.मि.</td><td>७१८.४३</td><td>२८७३७२</td><td>९५७९२</td></tr>
<tr><td>Excavation in Hard soil</td><td>१४८.५० घ.मि.</td><td>९५७.९०</td><td>१४२२४८</td><td>१४८.५० घ.मि.</td><td>७१८.४३</td><td>१०६६८७</td><td>(३५५६१)</td></tr>
<tr><td>जम्मा :</td><td>५४८.५० घ.मि.</td><td></td><td>३३३८२८</td><td>५४८.५० घ.मि.</td><td></td><td>३९४०५९</td><td>६०२३०</td></tr>
</table></td><td>६०,२३०/-</td></tr>
<tr><td>६५.</td><td>नर्म्स - ६०-२०७६।०२।०१, सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (२) मा नेपाल सरकारवाट स्वीकृत नर्म्स बमोजिम काम गर्नुपर्ने व्यबस्था रहेको छ । म्यष्मिबच धयचप ल्यचकक मा पाइप लाईन खन्ने र पुर्ने कार्य क्रमशः १:०.२५ ले गर्ने उल्लेख गरेको छ । गाउँपालिकाले धारापानी खानेपानी निर्माण कार्यको लागि उपभोक्ता समितिलाई नर्म्स भन्दा बढी दर प्रयोग गरी भुक्तानी दिएको छ । पाईपलाईन खन्नेपुर्ने काम ५६० घनमिटर रहेकोमा प्रतिमिटर खन्ने कार्य रु.२३९।४८ ले भुक्तानी दिएको र पुर्ने कार्य रु.५९।८७ दिनुपर्नेमा पुर्ने कार्य पनि प्रति घनमिटर रु.२३२।५० ले भुक्तानी भएकोले प्रति घनमिटर रु.१७२।६३ ले बढी भुक्तानी दिएको छ । पाईप लाईन पुर्ने काममा ५६० घनमिटरको रु.१७२।६३ ले रु.९६,६७३। वढी भुक्तानी भएको देखिएको छ । यसरी नर्म्समा उल्लेख भएको भन्दा वढी दरमा भुक्तानी दिएको रकम असूल गरी दाखिला गर्नुपर्ने रु..</td><td>९६,६७३/-</td></tr>
<tr><td>६६.</td><td>वढी दरको प्रयोग - ६८- २०७६।०२।०२, सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार दर बिश्लेषण गरी निर्धारण गरिएको दरको आधारमा सार्बजनिक लागत अनुमान तयार गर्नुपर्ने व्यबस्था छ । गाउँपालिकाले वेसान खोला देखि सिमली सडक निर्माण कार्यको लागि वढी दरको प्रयोग गरी लागत अनुमान तयार गरेको पाईयो । सोही वमोजिम वढी दरमा पृथ्वी कन्स्ट्रक्सनलाई भुक्तानी पनि दिएको छ । कडामाटो खन्ने काममा दर विश्लेषण अनुसार प्रति घनमिटर रु.९५। मा भ्याट र ओभरहेड जेड्दा हुन आउने रु.१२१।६० दर राख्नु पर्नेमा रु.१२७।६९ दर राखेको छ । प्रति घनमिटर रु.६।०९ वढी दर राखि ४०३८.४८ घनमिटर माटो खन्ने काम भएकोले रु.२४,५९४। वढी भुक्तानी भएको छ । दर विश्लेषणमा भएको दर भन्दा वढी दरको प्रयोग</td><td>२४,५९४/-</td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>गरी लागत अनुमान वनाउने प्राविधिकलाई कारवाही गर्नु पर्दछ । यसरी वढी भुक्तानी भएको रकम असूल गर्नुपर्ने रु..</td><td></td></tr>
<tr><td>६७.</td><td>वढी भुक्तानी - लेखापरीक्षणको क्रममा नमुना छनौटको आधारमा परिक्षण गर्दा गाउँपालिकाले उपभोक्ता समिति मार्फत संचालन गरेको विभिन्न आयोजनाहरुमा जिल्ला दररेटमा भएको भन्दा वढी दरमा पाईप खरिद गरेको पाईएको छ । यसरी वढी दरमा खरिद गरी भुक्तानी भएको रकम असूल गर्नुपर्ने रु..
<table>
<tr><th>भौ.नः मिति</th><th>योजनाको नाम</th><th>पाईप साईज</th><th>परिमाण</th><th>भुक्तानी भएको दर</th><th>भुक्तानी रकम</th><th>जिल्ला दर रेट</th><th>भुक्तानी हुनुपर्ने रकम</th><th>वढी भुक्तानी</th></tr>
<tr><td>१०९-०७६/२/२३</td><td>गेसोडा सिंचाई कुलो</td><td>HDPE 110/6</td><td>80 m</td><td>७६२.१०</td><td>६०९६८</td><td>६७४.४३</td><td>५३९५४</td><td>७०१३</td></tr>
<tr><td>१८६-०७६/३/२६</td><td>आमथला खा.पा. अधुरो पाईप खरिद</td><td>HDPE pipe 32/6</td><td>300 m</td><td>६८.५१</td><td>२०५५३</td><td>५९.८९</td><td>१७९६७</td><td>२९२२</td></tr>
<tr><td>२०५-०७६/३/३१</td><td>वडा नः ४ सार्वजनिक निर्माण</td><td>HDPE pipe 20/10</td><td>2225 m</td><td>४४.९५</td><td>१००००० </td><td>४०.१३</td><td>८९२८०</td><td>१०७२०</td></tr>
<tr><td></td><td>जम्मा :</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>२०६५५</td></tr>
</table></td><td>२०,६५५/-</td></tr>
<tr><td>६८.</td><td>विल भरपाई - ११२- २०७६।०२।२७, लेखापालनमा खर्च गर्दा खर्चको विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यबस्था छ । गाँउपालिकाले कार्यालय समय भन्दा अतिरिक्त समयमा वैठक वसेको भनि रु.८३,५००। खर्च लेखेको छ । लेखापरीक्षणको क्रममा उक्त वैठकको माइन्यूट तथा निर्णय पेश भएन भने वैठक भत्ता वितरण भरपाई पनि पेश भएन । यसरी वैठक भत्ता वितरणको आधार वेगर खर्च लेखेको रकम असूल गरी दाखिला गर्नुपर्ने रु..</td><td>८३,५००/-</td></tr>
<tr><td>६९.</td><td>वढी भुक्तानी - सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार दर बिश्लेषण गरी निर्धारण गरिएको दरको आधारमा सार्बजनिक लागत अनुमान तयार गर्नुपर्ने व्यबस्था छ । यसरी तयार गरिएको लागत अनुमानको आधारमा भएको कामको भूक्तानी दिनु पर्दछ । आ.व.२०७५।०७६ को लागि चुरे गाउँपालिकाले ग्याविन खरिद देखि भर्ने कार्य (Febrication of gabion box having size of 2m.*1m.*1m. & stone filling) को लागि रु.४,७७७।४२ दर निर्धारण गरेकोमा विभिन्न योजनामा सो भन्दा वढी दर प्रयोग गरी वढी भुक्तानी दिएको पाईयो । यसरी दर फरक पारी भुक्तानी दिएको रकम असूल गर्नुपर्ने रु..
<table>
<tr><th>भौ.नः मिति</th><th>योजनाको नाम</th><th>परिमाण</th><th>प्रयोग भएको दर</th><th>हुनुपर्ने दर</th><th>वढी दर</th><th>वढी भुक्तनी</th></tr>
<tr><td>१३२-०७६/३/१५</td><td>कमला नदी ठुलीगाड सिम सेउराडी खोला तटवन्ध उ.स.</td><td>१५५ वक्स</td><td>५३७४.२३</td><td>४७७७.४२</td><td>५९६.८१</td><td>९२५०५</td></tr>
<tr><td>१४१-</td><td>मडुर मथुरे</td><td>४२</td><td>५७०१.७</td><td>४७७७.</td><td>९२४.३१</td><td>३८८२१</td></tr>
</table></td><td>१,३८,२७७/-</td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ०७६/३/१८ | शान्तिनगर सडक निर्माण योजना उ.स. | वक्स | ३ | ४२ | | |
| १८७-०७६/३/२६ | धाराखोला सेराडी सिंचाई योजना उ.स. | १८ वक्स | ५१६३.५९ | ४७७७.४२ | ३८६.१७ | ६९५१ |
| जम्मा : | | | | | | **१३८२७७** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ७०. | **पाईप खरिद -** १४३- २०७६।०३।१९, गाउँपालिकाको काफलगैरा खानेपानी उपभोक्ता समिति वडा नः ३ मा निर्माण भएको खानेपानी योजनामा पाईप लाईन खन्नेपुर्ने काम भन्दा वढी मात्रमा पाईपको खर्च लेखेको पाईयो । पाईपलाईन जम्मा २९४० मिटर खन्ने काम भएको र सोही मात्रमा पाईप जडान भएको नापी किताव अनुसार देखिन्छ । पाईप खरिद तर्फ 25mm/10kg को रु.३२,११८। वरावरको ६०० मिटर, 20mm/10kg को रु.४२४३०। वरावरको ११९० मिटर र 16mm/10kg को रु.४६५१२। वरावरको १९०० मिटर गरी जम्मा ३६९० मिटर खरिद गरेको देखिएको छ । नापी किताव अनुसार पाईपलाईनमा २९४० मिटर मात्र पाईप जडान भएको नदेखिएको छ । पाईपलाईनमा प्रयोग भएको भन्दा 20mm/10kg साईजको रु.२६७४५। वरावरको ७५० मिटर पाईप वढी खर्च लेखिएकोले कुन स्थानमा प्रयोग भएको हो, सो पाईप जडान भएको प्रमाण पेश गर्नुपर्ने रु.. | २६,७४५/- |
| ७१. | **भैपरी खर्च -** गाउँपालिकाले कोटेशनको माध्यमवाट वडा नः ४ मा भैपरी खर्चमा विनियोजित वजेटवाट पाईप खरिद गरेको छ । पाईप खरिद गर्दा स्वीकृत जिल्ला दररेटलाई आधार वनाएर लागत अनुमान वनाई खरिद गर्नुपर्नेमा सो वमोजिम खरिद भएको पाईएन । स्वीकृत जिल्ला दररेट भन्दा वढी दरमा कोटेशन गराई एस.के.हार्डवेयर अत्तरियावाट रु.२,९९,८८५।५० (मु.अ.कर समेत) को विभिन्न साईजको पाईप खरिद गरेको छ । जिल्ला दररेटलाई आधार वनाउदा उक्त पाईपको रु.२,६९,३४९। (मु.अ.कर समेत) मात्र भुक्तानी दिनुपर्ने देखिएको छ । यसरी वढी भुक्तानी भएको रकम असूल गरी दाखिला गर्नुपर्ने रु.. | ३०,५३६/- |

| पाईपको साईज | परिमाण | प्रयोग भएको दर | जिल्ला दररेट | वढी दर | वढी भुक्तानी |
|---|---|---|---|---|---|
| HDPE Pipe 20/10 | 3720 m. | ३९.८२ | ३५.५१ | ४.३१ | १६०३३.०० |
| HDPE Pipe 32/10 | 1000 m. | ६६.३७ | ५९.८९ | ६.४८ | ६४८०.०० |
| HDPE Pipe 40/10 | 500 m. | १०१.७७ | ९२.७५ | ९.०२ | ४५१०.०० |
| जम्मा (मु.अ.कर वाहेक) | | | | | २७०२३.०० |
| मु.अ.कर समेत जम्मा : | | | | | ३०,५३६.०० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **वित्तीय समानिकरण पूँजीगत तर्फ :** | |
| ७२. | **वढी भुक्तानी -** १७- २०७६।०२।०९, सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार दर बिश्लेषण गरी निर्धारण गरिएको दरको आधारमा सार्बजनिक लागत अनुमान तयार गर्नुपर्ने | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>व्यबस्था छ । पालिकाले गोपालेगुणी कृषि सडक निर्माण उपभोक्ता समितिलाई भुक्तानी दिंदा दर बिश्लेषण गरी निर्धारण गरिएको दर भन्दा वढी दरको प्रयोग गरेको पाईयो । उक्त कृषि सडकलाई ग्याविन वक्स खरिद तथा ढुङ्गा भर्ने कामको भुक्तानी गर्दा निम्नानुसार वढी भुक्तानी दिएको पाईएकोले उक्त रकम असूल गरी दाखिला गर्नुपर्ने रु..
<table>
<tr><th>विवरण</th><th>परिमाण</th><th>प्रयोग भएको दर</th><th>दर विश्लेषण वमोजिम</th><th>वढी दर</th><th>वढी भुक्तानी</th></tr>
<tr><td>ग्याविन २*१*१ Mash size 10*12 with stone filling</td><td>१४ गोटा</td><td>६१३५.८२</td><td>४७७७.४२</td><td>१३५८.४०</td><td>१९०१७.६०</td></tr>
<tr><td>ग्याविन २*१*०.५ Mash size 10*12 with stone filling</td><td>८ गोटा</td><td>२८०८६.१६</td><td>२९६६.६१</td><td>२५११९.५५</td><td>२००९५६.४०</td></tr>
<tr><td colspan="2">जम्मा :</td><td></td><td></td><td></td><td>२१९९७४.००</td></tr>
</table></td><td>२,१९,९७४/-</td></tr>
<tr><td>७३.</td><td>कन्टिन्जेन्सी - २०७६।०३।२२, चौमाला-खैराला सडक निर्माण अन्तर्गत यस आर्थिक वर्षमा ठेक्का सम्झौता वमाजिम रु.१६,३३,१३१। निर्माण व्यबसायी चुरे निर्माण सेवालाई भुक्तानी भएको छ । उक्त रकमको ३ प्रतिशतले हुने रु.४८,९९४। कन्टिन्जेन्सी कट्टा गर्नुपर्नेमा पालिकाले उक्त योजनामा विनियोजन भएको रकमवाट रु.२,३१,०००। कट्टा गरेको पाईयो । खर्चको प्रतिशत निर्धारण मार्फत कन्टिन्जेन्सी कट्टी गर्नुपर्नेमा विनियोजित रकमवाट कट्टा गरेको पाईएकोले रु.१,८२,००६। वढी कन्टिन्जेन्सी खर्च भएको देखिएको छ । नियम विपरित वढी कन्टिन्जेन्सी खर्च भएको अनियमित देखिएको रु..</td><td>१,८२,००६/-</td></tr>
<tr><td>७४.</td><td>४९- ०७६।३।३१, आर्थिक वर्षको सुरुआतमा गाउँ कार्यपालिकाले विनियोजन गरेको वजेट सिमा भित्र रहेर खर्च गर्नुपर्नेमा सो वमोजिम नगरेको पाईयो । पालिकाले सोल्टा चिसापानी ग्याफ्टिङ्ग समितिलाई रु.१,००,०००। भुक्तानी दिएकोमा वजेट विनियोजन तथा निर्णय भएको देखिएन । यसरी गाउँ कार्यपालिकाको निर्णय विना भएको खर्च अनियमित देखिएको रु..</td><td>१,००,०००/-</td></tr>
<tr><td></td><td>विद्यालय क्षेत्र विकास कार्यक्रम (केन्द्र स्तर) :</td><td></td></tr>
<tr><td>७५.</td><td>२- २०७६।०३।१७, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव श्रोत विकास केन्द्र ( विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखा) को च.नः १६३, मिति २०७६।०३।१० को पत्र अनुसार मानव श्रोत विकास केन्द्रले तयार गरेको डिजाईन, ड्रईङ्ग तथा लागत अनुमान अनुसार विद्यालय भुकम्पिय सुरक्षा कार्यक्रमको कार्यसम्पन्न गर्नुपर्ने उल्लेख छ । यस वर्ष पालिकाले विद्यालय भूकम्पिय सुरक्षा कार्यक्रम अन्तर्गत निकासा दिएको निम्नानुसार विद्यालयहरुले कार्यसम्पन्न गरेको प्रमाण तथा विल भरपाई पेश भएन । यसरी विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखाको स्पेशिफिकेसन अनुसारको कार्यसम्पन्न भएको प्रमाण पेश गर्नुपर्ने रु..
<table>
<tr><th>सि.नः</th><th>विद्यालयको नाम</th><th>रकम</th></tr>
<tr><td>१.</td><td>श्री भगवती आद्यारभूत विद्यालय, मस्य</td><td>१५०००००.००</td></tr>
<tr><td>२.</td><td>श्री भानू माध्यमिक विद्यालय चित्रपुर</td><td>१५०००००.००</td></tr>
<tr><td colspan="2">जम्मा :</td><td>३००००००.००</td></tr>
</table></td><td>३००००००/-</td></tr>
<tr><td>७६.</td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम - प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन ।</td><td></td></tr>
<tr><td></td><td>राजस्व बाँडफाँड चालु तर्फ :</td><td></td></tr>
<tr><td>७७.</td><td>अवलोकन भ्रमण - भ्रमण खर्च नियमावली, २०६४ को नियम १८(१) मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक तथा भ्रमण खर्चको बिल भरी भ्रमण प्रतिवेदन साथ आवश्यक बिल भरपाई संलग्न गर्नु पर्ने उल्लेख छ । अन्तर प्रदेश स्थलगत भ्रमण भनी गाँउपालिकाका पदाधीकारी तथा कर्मचारीहरु समेत समावेश भई २ पटक स्थलगत अवलोकन भ्रमण भएकोमा दैनिक भ्रमण भत्ता, गाडी भाडा, इन्धन खर्च, खाजा खर्च, स्टेशनरी, बिबिध खर्च समेत दोहोरो खर्च लेखेको पाईयो । यसरी नपाउने देहाय बमोजिमको दोहोरो भ्रमण खर्च अशुल हुनु पर्ने रु .....
<table>
<tr><th>भौ.नं.र मिति</th><th>दैनिक भ्रमण भत्ता</th><th>गाडी भाडा र इन्धन खर्च</th><th>नपाउने खाजा,खाना,र स्टेशनरी बिबिध खर्च</th></tr>
<tr><td>२४-०७५/१२/२७</td><td>२८८७५०</td><td>१९३६२८</td><td>१६१३८०</td></tr>
<tr><td>२९-०७५/१२/२७</td><td>२८७६२५</td><td>२४४८००</td><td>११३३००</td></tr>
<tr><td></td><td></td><td></td><td>२७४६८०</td></tr>
</table></td><td>२,७४,६८०/-</td></tr>
<tr><td>७८.</td><td>भरपाई नभएको - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यबस्था छ । भगवती वालबिकास केन्द्र व्यवस्थापन समितिले बिभिन्न कामदारहरुको पारिश्रमिक भूक्तानी गर्दा बुभेको भरपाई संलग्न नभएकोले भरपाई पेश हुनु पर्ने अन्यथा समन्धित बाट अशुल हुनु पर्दे रु ......</td><td>२०,१८०/-</td></tr>
<tr><td>७९.</td><td>बाखा बितरण - ५०-०७६।३।२५ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यबस्था छ । कार्यालयले १७ वटा प्रति गोटा बाखा रु ५५००।- का दरले जम्मा ९३,५००।- खरिद गरी बितरण गरेकोमा कृषकको छनौटको आधार बितरीत बाखाको अवस्था खुल्ने गरी प्रतिवेदन समेत तयार गरेको पाईएन । बाखा बितरणको आधार तथा त्यसको अनुगमन प्रतिवेदन तयार हुनु पर्ने रु ....</td><td>९३,५००।-</td></tr>
<tr><td></td><td>बित्तिय समानिकरण कृषि तर्फ :</td><td></td></tr>
<tr><td>८०.</td><td>कृषक छनौट - ८।०७६।३।१७ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यबस्था छ । नर्सरी स्थापना सहयोगको लागि बहुउद्देश्य नर्सरीका प्रो.लाल बहादुर बोहोरालाई रु ४९९३०।- अनुदान सहयोग दिएकोमा कृषक छनौटको आधार तथा त्यसको अनुगमन प्रतिवेदन समेत पेश नभएको रु........</td><td>४९,९३०/-</td></tr>
<tr><td>८१.</td><td>नपाउने खर्च - ११।०७६।३।२२ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यबस्था छ । मौरीपालन तालिम संचालन गर्न बाह्य प्रशिक्षकको रुपमा श्री शंकर प्रसाद न्यौपाने ६ दिनको कक्षा सञ्चानमा प्रशिक्षकको रुपमा दैनिक २०००।- का दरले रु १२०००।- को १५ प्रतिशत कर कट्टा गरी रु १०२००।- भूक्तानी पश्च्यात पनि गाडी भाडा र बसाई खर्च भनी नियमले नपाउने रु ३०००।- खर्च दिएकोले प्रमाण पेश हुनु पर्ने अन्यथा अशुल हुनु पर्ने रु......</td><td>३०००/-</td></tr>
<tr><td></td><td>पशु बिकास समानिकरण तर्फ :</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>८२.</td><td>औषधीको लेखांकन - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले पशु उपचार सम्बन्धि देहाय बमोजिमका औषधीहरु खरिद गरेकोमा सोको आम्दानी खर्च र बाँकी देखिने गरी अभिलेख व्यवस्थित रुपमा राखेको छैन । यसरी खरिद भएका औषधीहरुको अभिलेखांकन व्यवस्थित नहुदाँ खरिद भएका औषधीहरु यथार्थ बस्तुपरक रुपमा प्रयोग भएका छन भन्ने आधार भएन । तसर्थ अभिलेख लाई व्यवस्थित गर्नु पर्ने देखिन्छ ।
<table>
<tr><td>शिर्षक</td><td>भौ.नं.र मिति</td><td>खरिद गरेको फर्म</td><td>खरिद रकम</td></tr>
<tr><td>पशु बिकास समानिकरण</td><td>२-०७५/६/२६</td><td>सन्तुष्टि भेट सेन्टर</td><td>१०००००</td></tr>
<tr><td></td><td>५-०७५/९/१६</td><td>सन्तुष्टि भेट सेन्टर</td><td>९९६६०</td></tr>
<tr><td></td><td>९-०७५/१२/१७</td><td>सन्तुष्टि भेट सेन्टर</td><td>१०००००</td></tr>
<tr><td></td><td>१२-०७६/२/१४</td><td>जनता एग्रोभेट</td><td>१०००००</td></tr>
<tr><td>पशु बिकास सर्शत</td><td>३-०७५/६/२६</td><td>सन्तुष्टि भेट सेन्टर</td><td>१३७८०१</td></tr>
<tr><td></td><td></td><td></td><td>५३७४६१</td></tr>
</table></td><td></td></tr>
<tr><td>८३.</td><td>कुखुराका चल्ला बितरण - ४।०७५।९।६ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । गाँउपालिकाको कुखुरा बितरण कार्यक्रम अर्न्तगत ९ हप्ते कुखुराका चल्ला रु ७,१०,०००।- मा खरिद गरी बितरण गरेकोमा सो को बितरण अभिलेख व्यवस्थित रुपमा राखेको छैन । यसरी अभिलेख व्यवस्थित नगर्दा पूण रुपमा बितरण भएको भन्ने आधार मान्न सकिदैन । बितरणको अभिलेख व्यवस्थित गरेको प्रमाण साथ नियमित हुनु पर्ने रु .........</td><td>७,१०,०००/-</td></tr>
<tr><td>८४.</td><td>बाखा खरिद तथा बितरण - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले हिमशिखर बाखा फर्मबाट १५ वटा को रु ७०००।- का दरले रु. १,०५,०००।- भूवन मगरबाट भरपाईको आधारमा १५ गोटाको रु ७५००।- का दरले रु. १,१२,५००।- केदारेश्वर फर्मबाट ६० गटा रु ७५००।- का दरले रु ४५००००।- गरी जम्मा रु . ६६७५००।- तथा ढुवानी एकमुष्ठ रु ४५०००।- समेत जम्मा ९० वटा बाखा रु खरिद तथा ढुवानीमा रु. ७१२०००।- खर्च लेखेको छ । यसरी खरिद बाखा बितरणको भरपाई तथा त्यसबाट कृषकलाई भएको सहयोगको प्रतिफल र परिणामको अथार्थ अनुगमन तथा मूल्यांकन समेत भएको छैन । यसरी बितरीत सहयोगबाट सम्बन्धित कृषकको जिवनस्तरमा सुधार भयो भन्ने आधार स्पष्ट हुन सकेन । तसर्थ बितरणको भरपाई तथा त्यसको अनुगमन प्रतिवेदन पेश भई नियमित हुनु पर्ने रु .......</td><td>७,१२,०००/-</td></tr>
<tr><td></td><td>गत बर्षको मौज्दातबाट चालु तर्फ :</td><td></td></tr>
<tr><td>८५.</td><td>गत बर्षको भूक्तानी - आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ४०(७) मा गत बर्षको भूक्तानी दिन बाँकी रहेमा भूक्तानी दिन बाँकीको कच्चाबारी प्रमाणीत गरेरमात्र भूक्तानी दिनु पर्ने उल्लेख छ । गाँउपालिकाले उक्त नियम बिपरित अपि प्वाइन्ट इन्जिनियरिङ्ग एण्ड कन्सल्ट नेपाललाई आई ई.ई गरेबापत परामर्श खर्चको रु ९,००,०००।- भूक्तानी भएको छ । भूक्तानीको आधार तथा उक्त कार्यको कार्य सम्पन्न प्रतिवेदन समेत समावेश नगरी भूक्तानी दिएको पाईयो । यसरी भूक्तानी रकम कानून सम्मत भएको छ भन्ने आधार प्रमाण पेश भएन । तसर्थ सम्झौता कार्यसम्पन्न प्रतिवेदन लगाएतका प्रमाण कागजत समेत नियमित हुनु पर्ने अन्यथा अशुल हुनु पर्ने रु....</td><td>९,००,०००/-</td></tr>
<tr><td>८६.</td><td>शिर्षक फरक - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अशुसार जुन शिर्षकमा खर्च बिनियोजन भएको हो सोही शिर्षकबाट खर्च गर्नु पर्ने उल्लेख छ । देहायका खर्च रकम केन्द्रिय सरकार सशर्त शिर्षकबाट खर्च लेख्नु पर्नेमा आन्तरीक आय चालु शिर्षकबाट खर्च लेखेकोले नियमित हुनु पर्ने रु....</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सि.नं. / व्यहोरा / रकम<br>१ / स्वस्थ्य तर्फका कर्मचारीको नपुग तलब / १९०८४१९<br>२ / सामाजिक सुरक्षा भत्ता / ५३८४००<br>/ / २४,४६,८१९/- | २४,४६,८१९/- |
| ८७. | **परामर्श सेवा -** १०-०७५।८।४ सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८(२) मा प्रतिस्पर्धालाई सिमिति हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्नु नहुने व्यहोरा उल्लेख छ । गाँउपालिकाले एम.एच. इन्जिनियरिङ्ग कन्सल्टिङ्ग एण्ड कन्ट्रक्सन प्रा.लि.लाई नयाँ सडक मर्मत वापत रु ११,८४,०७१।- भूक्तानी दिएकोमा सम्झौता कार्यादेश कार्यसम्पन्न प्रतिवेदन लगाएतका प्रमाण बेगर भूक्तानी भएको छ । यसरी प्रयाप्त आधार र प्रमाण वेगर भएको भूक्तानीलाई नियम सम्मत मान्न सकिएन । सोझै खरिद गर्नुको आधार, सम्झौता कार्यादेश, कार्य सम्पन्न प्रतिवेदन लगाएतका प्रमाण साथ नियमित हुनु पर्ने अन्यथा अशुल हुनु पर्ने रु.. | ११,८४,०७१/- |
| ८८. | आन्तरिक लेखापरीक्षणवाट औल्याइएको निम्नानुसारको वेरुजूहरु अन्तिम लेखापरिक्षणको अवधि सम्म पनि फछ्र्यौट भएको नदेखिएकोले सो वेरुजू यथाशिघ्र फछ्र्यौट गर्नुपर्ने देखिएको छ । | |
| ८८.१ | कतिपय उपभोक्ता समितिहरुवाट संचालन भएको योजनाहरुको ठेक्का सम्वन्धी विल नवनाउने गरेको छ । मालसामान खरिद गर्दा स्पेशिफिकेशन खुलाई खरिद गर्नुपर्नेमा, गाडी भाडामा लिंदा प्रतिश्पर्धाको आधारमा लिनुपर्ने, योजनागत खाता राख्नुपर्ने, खरिद ईकाई गठन गर्नुपर्ने, कन्टिन्जेन्सी खाता राख्नुपर्ने जस्ता सुझावहरु पालना गरेको देखिएन । | |
| ८८.२ | राजश्व बाँडफाँट तर्फको त्रिवेणी शिवालय निर्माण उपभोक्ता समितिको प्रथम रनिङ्ग विल रु.४,५५,०००। उठेकोमा रु.४,७०,०००। भुक्तानी भएकोले वढी भुक्तानी दिएको रु.१५,०००। असुल गरी दाखिला गर्नुपर्ने रु.. | १५,०००/- |
| ८८.३ | राजश्व बाँडफाँट तर्फको धारापानी मड्ड सडक उ.स.चुरे ६ लाई रु.१७५,९३६।८४ भुक्तानी दिनुपर्नेमा रु.१,७७,९००। भुक्तानी दिएकोले वढी भुक्तानी असूल गर्ने रु.. | १९६३/- |
| ८८.४ | आन्तरिक आम्दानी तर्फ सिद्धवावा आ व खानेपानी योजना उपभोक्ता समितिलाई रु.९३,७८६। भुक्तानी भएकोमा कार्यसम्पन्न प्रतिवेदन पेश नभएको । | |
| ८८.५ | वडा नः ५ पहिला भवन निर्माण उपभोक्ता समितिलाई रु.१९७,३१४। भुक्तानी भएकोमा कार्यसम्पन्न प्रतिवेदन र सार्वजनिक परिक्षण पेश भएन । | |
| ८८.६ | रु.५,३४,६००। को ह्युमपाईप खरिद भएकोमा उक्त ह्युम पाईपको जडान प्रयोग तथा मौज्दातको अवस्था यकिन नभएको रु.. | ५,३४,६००/- |
| ८८.७ | जनता माध्यमिक विद्यालयलाई फर्निचर निर्माण वापत रु.१,५०,०००। भुक्तानी दिएकोमा फर्निचरको दाखिला भएको पाइएन । | |
| ८८.८ | चुरे वातावरण तथा जैविक विविधता संरक्षण मञ्च नेपाललाई भलिवल प्रतियोगिता वापत रु.९७,०००। भुक्तानी भएकोमा प्रस्तावना पेश भएन । | |
| ८८.९ | राष्ट्रिय लोक संस्कृति प्रतिष्ठान अत्तरियालाई रु.६०,०००। भुक्तानी भएकोमा विल भरपाई तथा अन्य प्रमाण पेश नभएको रु.. | ६०,०००/- |
| ८८.१० | राजश्व बाँडफाँट चालुतर्फवाट महिला नेतृत्व विकास तालिमको लागि देव प्रसाद उपाध्यायको नाममा रहेको पेश्की फछ्र्यौटमा विल भरपाई पेश नभएको रु.. | २९५०/- |
| ८८.११ | शिक्षा सशर्त तर्फ निम्नानुसार विद्यालयहरुलाई कार्य सम्पन्न प्रतिवेदन विना नै अन्तिम विल भुक्तानी दिएको रु..<br>**भौ.नः मिति** / **विद्यालयको नाम** / **रकम**<br>१-०७६/३/५ / मोहन्याल मा.वि.निगाली प्रयोगशाला निर्माण / ६५००००.०० | ३७,७२,३९७/- |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>२-०७६/३/५</td><td>भानु मा.वि.चित्रपुर प्रयोगशाला निर्माण</td><td>६५००००.००</td></tr>
<tr><td>४- ०७६/३/२३</td><td>सिद्धवावा आधारभुत विद्यालय शौचालय निर्माण</td><td>४९८९९९.००</td></tr>
<tr><td>६-०७६/३/३१</td><td>आदर्श आ.वि.सल्लाघारी भवन</td><td>७२५३६९.००</td></tr>
<tr><td>७- ०७६/३/३१</td><td>भगवती आ.वि.कोटदुगाँनी भवन निर्माण</td><td>१२४८०२९.००</td></tr>
<tr><td colspan="2">जम्मा :</td><td>३७७२३९७.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८८.१२</td><td>वित्तीय समानिकरण पूँजीगत तर्फ सडक निर्माण वापत निशान्त निर्माण सेवालाई रु.१,४९,२७०। को ठेक्का विल, नापी किताव र कार्यसम्पन्न प्रतिवेदन पेश भएन ।</td><td></td></tr>
<tr><td>८९.</td><td>पेश्की बाँकी - आर्थीक कार्यविधि २०७४ को नियम ७४ (३० मा पेश्की दिइएको रक म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिन एवं दिने दुबैले कर्तव्य हुने कुरा उल्लेख छ । देहायका पेश्की रकम आ.ब.को अन्त सम्म पनि फछ्र्यौट नभएकोले फछ्र्यौट हुनु पर्ने रु
<table>
<tr><th>शिर्षक</th><th>पेश्की लिने व्यक्ति तथा संस्था</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>८०१८२८३</td><td>पृथ्वी कन्ट्रक्सन</td><td>निर्माण कार्य</td><td>१६१४२६४</td></tr>
<tr><td>८०१८२८३</td><td>वाई आर कन्ट्रक्सन</td><td>निर्माण कार्य</td><td>१२०००००</td></tr>
<tr><td>३६५१६०३</td><td>जागृत निर्माण सेवा</td><td>निर्माण कार्य</td><td>२९८८१९८</td></tr>
<tr><td>३६५१६०३</td><td>एम के,टि.डि आर जेभी नयाँ बानेश्वर</td><td>निर्माण कार्य</td><td>१७०००००</td></tr>
<tr><td>८०१८२८३</td><td>निगाली स्वास्थ्य चौकी</td><td>एकिकृत जि.स्वास्थ्य</td><td>१५०००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>७५,१७,४६२/-</td></tr>
</table>
</td><td>७५,१७,४६२/-</td></tr>
</table>

अनुसूची १

## चुरे गाउँपालिकाको संचित कोष विवरण
## २०७५।७६

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | आय | | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | जम्मा आय | चालु खर्च | पूर्जीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| १ | चुरे गाउँपालिका | कैलाली | २५६४२ | ८४२६० | १५७८३ | २६२७२८ | ३६२७७१ | १८०९५७ | १४९०६८ | १९११७ | ३४९१४२ | ३९२७१ |

अनुसूची-२

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की | | जम्मा |
| | | सै. | ल. | | सै. | ल. | | सै. | ल. | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी पेस्की | अन्य पेस्की | |
| १ | चुरे गाउँपालिका | ५८ | ३२ | २५४०६ | ० | ० | ० | ५८ | ३२ | २५४०६ | ९३० | ९२०९ | ७७५० | ० | ० | १६९५९ | | ७५१७ | ७५१७ |

अनुसूची-३

## अद्यावधिक बेरुजू स्थिति
## २०७५।७६

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | गत बर्षसम्मको बाँकी | यो वर्षको फर्छ्यौट | बाँकी | यो वर्ष सं.प.बाट कायम भएको बेरुजू | यो वर्षको बेरुजू | कुल बाँकी बेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | चुरे गाउँपालिका | कैलाली | १६६७३ | ० | १६६७३ | ० | २५४०६ | ४२०७९ |